## औषधि ऐन, २०३५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः औषधि ऐन, २०३५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "औषधि (पहिलो संशोधन) ऐन, २०४५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. औषधि ऐन, २०३५ को दफा २ मा संशोधनः औषधि ऐन, २०३५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ञ)मा रहेको "परिच्छेद– ७" भन्ने शब्दको सट्टा "परिच्छेद– ६" भन्ने शब्द राखिएको छ ।

३. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ मा रहेको "अनुज्ञापत्र लिनुभन्दा अघि" भन्ने शब्दहरूपछि "तोकिएको दस्तूर तिरी" भन्ने शब्दहरू थपिएका छन् ।

४. मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० मा रहेको "दर्ता गराई" भन्ने शब्दहरूपछि "तोकिएको दस्तूर तिरी" भन्ने शब्दहरू थपिएका छन् ।

५. मूल ऐनको दफा ११ मा संशोधनः मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः–

"११. उत्पादन अनुज्ञापत्र, सिफारिशपत्र र प्रमाणपत्रको अवधि र नवीकरणः (१) दफा ८ बमोजिमको अनुज्ञापत्र, दफा ९ बमोजिमको सिफारिशपत्र र दफा १० बमोजिमको प्रमाणपत्र सो पाएको मितिले दुई वर्षसम्म कायम रहनेछ ।

(२) प्रत्येक अनुज्ञापत्र, सिफारिशपत्र र प्रमाणपत्रको म्याद नाघेपछि तोकिएको दस्तूर तिरी प्रत्येक वर्षको लागि नवीकरण गराउनु पर्नेछ ।"

६. मूल ऐनको दफा २३ मा संशोधनः मूल ऐनको दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छः–

"२३. निरीक्षक र विश्लेषकको लागि योग्यताः (१) निरीक्षकको लागि देहायको योग्यता हुनु पर्नेछः–

(क) फर्मासीमा स्नातक, वा

(ख) रसायन शास्त्रमा स्नातकोत्तर, वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) रसायन शास्त्रमा स्नातक भै सम्बन्धित विषयमा कम्तीमा तीन वर्षको अनुभव भएको, वा

(घ) फर्मासीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भै कम्तीमा पाँच वर्षको अनुभव भएको ।

(२) विश्लेषकको लागि देहायको योग्यता हुनुपर्नेछः–

(क) फर्मासीमा स्नातक भै विश्लेषण कार्यमा तीन वर्षको अनुभव भएको, वा

(ख) रसायन शास्त्रमा स्नातक भै विश्लेषण कार्यमा पाँच वर्षको अनुभव भएको ।"

७. मूल ऐनको दफा २५ मा संशोधनः मूल ऐनको दफा २५ मा "संचय वा परिवहन" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "संचय, परिवहन वा निकासी पैठारी" भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल ऐनको दफा २७ मा संशोधनः मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः–

"२७. चिकित्सकबाहेक अन्य व्यक्तिले प्रेस्क्रिप्शन दिन नसक्नेः दफा १७ बमोजिम चिकित्सकको प्रेस्क्रिप्शनबिना बिक्री वितरण गर्न नहुने भनी समूहीकृत गरिएका औषधिहरूको चिकित्सकबाहेक अन्य कुनै व्यक्तिले मौखिक वा लिखित रूपमा प्रेस्क्रिप्शन दिन सक्नेछैन ।"

९. मूल ऐनको दफा २८ मा संशोधनः मूल ऐनको दफा २८ मा "डिस्पेन्सिङ वा संचय" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "डिस्पेन्सिङ, संचय वा निकासी-पैठारी" भन्ने शब्दहरू राखिएका छन् ।

लालमोहर सदर मितिः– २०४५।७।१०।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

४५३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।